नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक १३८ | २०७९ साल पुस १४ गते बिहीबार (29 Dec. 2022 Thursday) | मूल्य रु. ५/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असहय पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कहिल्यै अवकाश हुँदैन्न.. ३ पृष्ठमा : मधेस प्रदेशमा दलको नेता. ३ पृष्ठमा : महिलालाई शिक्षाबाट वञ्चित ...

## चिसो र लामखुट्टेबाट जोगाउन बालिएको घुरमा जलेर बृद्धको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

सप्तरीको बोदेबर्साइन नगरपालिका ४ सिलहटमा मंगलबार राती आगलागिमा परेर एक बृद्धाको मृत्यु भएको छ।

पशू चौपायालाई चिसो र लामखुट्टेबाट जोगाउन गाइगोठमा बालिएको घुर सल्केर आगलागी हुदा ८० वर्षिय मुक्तिपाल राउतको जलेर मृत्यु भएको हो।

प्रहरीका अनुसार उनलाई जोगउन गएका २५ वर्षिय नाती धर्मदेव पाल सामान्य घाईते भएका छन्।

आगलागीबाट उनको गाईगोठ जलेर पुर्णरुपमा जलेर नष्ट हुनुका साथै एउटा राँगा र एउटा भैसी समेत जलेर मरेका छन। सबै सुतिरहेका बेला राती १२ बजेर तीर आगलागी भएकाले मानवीय क्षती समेत हुन पुगेको इलाका प्रहरी कार्यालय कडरबोनाका प्रहरी निरिक्षक बलिष्टर सिहले जानकारी दिए।

चिसो र लामखुट्टेबाट पशु चौपायालाई जोगाउन गाईगोठमा घुर बालेर नजिकै खाटमा सुतेका बृद्ध राउत तीव्र गतीमा आगो फैलिएकाले समय मै भाग्न नसकेको अनुमान गरिएको छ।

प्रहरी र स्थानीयको प्रयासमा दुई घण्टा पश्चात् आगोमाथी नियन्त्रण कायम गरिएपछि २ वटा भैसी समेत घाईते अवस्थामा फेला परेको स्थानीयवासी सत्यनारायण यादवले बताए।

## मोबाइलमा चिट्ठा परेको सन्देश आएपछि ठगिन महिला

**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

मोबाइलमा आउने गरेको विभिन्न चिट्ठा सन्देशका कारण ठगिने क्रम बढ्दै गएको छ। पछिल्लो पटक राजविराज वडा नं. २ निवासी एक महिला सोही चिठ्ठा सन्देशको प्रलोभनमा परि ठगिएकी छिन्।

गृहणी नाज खातुन (नाम परिर्वतन) को मोवाइलमा २५ लाख रुपैया जितेको सन्देश हिन्दी भाषामा आएपछि उनी खुशी भइन्। सन्देश आएको केही बेरमै एकजनाले फोन गरे र अरुलाई पनि यस्तै चिट्ठा परेको र उनीहरुले रकम बुझिसकेको भन्दै त्यस्ता रकम बुझिलिएको भनिएका केही ब्यक्तीहरुको भिडियो नै तयार गरी उनको इमो र म्यासेन्जरमा पठाए पछि उनी झन विश्वासमा परीन।

दोश्रो दिन ९८२०३७७३२२ नम्बरको मोवाइलबाट चिट्ठा राशी पाउन ५ हजार रकम पठाउनु पर्ने सुचना आयो र विराटनगरस्थित ग्लोबल आईएमइ बैंकमा मिन कुमार राईको नाममा रहेको खाता नम्बर २२३०७०१००५५७४५ मा उक्त रकम जम्मा गर्न भनियो। २५ लाख रुपैया पाउने प्रलोभनमा परेकी उनी तत्कालै ५ हजार रकम उक्त खातामा पठाइदिइन।

रकम जम्मा गरेको एक घण्टा भित्रै २५ लाख पठाइदिने सन्देश पठाउने र फोन गर्ने ब्यक्ती भने त्यस पछि गायब भए। खातुनले भनिन "एक घण्टा भित्रै तपाईको खातामा २५ लाख रुपैया पठाइदिन्छु भन्ने सन्देश पठाउने र फोन गर्ने ब्यक्ती पाँच दिन वितिसक्दा पनि रकम पठाएनन् र गायब भए।"

उनले आफू ठगिएको चाल पाएपछि बुधबार संचारकर्मीहरु सँग नाम नछापीदिन आग्रहका साथ उक्त गुनासो पोखेकी छिन। उनले चिट्ठा रकम पाउन बैंकमा रकम दाखिला गरेको भौचर पनि देखाउदै भनिन्, म त ठगिए अरु नठगियोस्।

विभिन्न कम्पनीको लक्की ड्र र मोबाईलको लक्की ड्र जस्ता विभिन्न वहानामा सर्वसाधारणलाई झुक्याएर यस अघि पनि ठगीका दर्जनौ घटना भएका छन्। मोवाइल सन्देश पठाएर ठग्ने पछिल्लो समुहले राजविराजमा ५ दर्जन भन्दा बढी मानिसलाई यसरी नै ठगी गरिसकेका छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश कुमार सिंहले यस्तो ठगीका उजुरीहरु आउने क्रम बढेको भन्दै सर्वसाधारण आफै पनि सचेत हुनु जरुरी रहेको बताए।

उनले भने "मलाई समेत विदेशी नम्बरबाट एक जना अपरिचितले-तपाईलाई १० लाख रुपैयाको चिटठा परेको भन्दै मोवाईलमा सन्देश पठाएर पुरस्कार राशी लिन १० प्रतिशतले हुन आउने रकम एक बैंक र खाताको नाम टिपाइ तत्काल जम्मा गर्न भनेका थिए। डिएसपी सिंहले भने तर, म प्रलोभनमा फसिन। उनले आफुलाइ विदेशबाट फोन गर्ने ब्यक्तीलाई तत्कालै थर्काएर सचेत गराएको बताए।

उनले यस्तो ठगी धन्दामा अन्तराष्ट्रियस्तर मै एउटा गिरोह सक्रिय भएको तथा विदेशी भुमीबाट यस्तो गतिवीधी संचालन गर्ने गरेकाले पक्राउ गर्न नेपाल प्रहरीका लागी चुनौती बनेको बताए। प्रहरीले पीडितलाई आवश्यक सहयोग गर्ने भन्दै नेपाली भुमीमा नेपालीबाटै ठगिएका त्यस्ता पीडितहरुलाई प्रहरीसंग सम्पर्क गर्न अनुरोध समेत गरेका छन्।

## आरोपीले माफी मागेपछि पत्रकार महासंघको आन्दोलनका कार्यक्रम फिर्ता

**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

पत्रकारलाई धम्की दिने प्रकरणमा अरोपीले माफि मागेपछि नेपाल पत्रकार महासंघ सप्तरी शाखाले आफ्नो आन्दोलनका सम्पूर्ण कार्यक्रम फिर्ता लिएको छ।

महासंघका अध्यक्ष श्रवणकुमार देव र सचिव रामनारायण विश्वासद्वारा बुधबार जारि विज्ञप्तिमा मंगलबार जिल्ला प्रहरी कार्यालय सप्तरीमा पत्रकार अवधेश झामाथि धम्की दिने नसरुल राजालाई हिरासतमा लिई आवश्यक कानूनी प्रक्रिया अगाडी बढाएको अवस्थामा स्थानीय अगुवाहरुबाट एक पटककालागि माफी दिने महासंघसित गरेको आग्रह बमोजिम जिल्ला प्रहरी कार्यालयमा छलफल पश्चात् माफी दिइएको जनाइएको छ।

सो छलफलका क्रममा आफूले फेसबुकमा लेख्दा पनि यस्तो कानूनी कारबाही हुनसक्छ भनी ज्ञान नभएको र आईन्दा पत्रकारको सम्बन्धमा यस्तो नलेख्ने भनि आरोपी नसरुल राजाले माफी माग्दै जिल्ला प्रहरी कार्यालय सप्तरीमा कागजी कानूनी प्रक्रिया पूरा गरेपछि सहमतीमै उनलाई रिहा गरिएको विज्ञप्तिमा उल्लेख छ।

उक्त छलफलमा नसरुल राजाको तर्फबाट अधिवक्ता मोहम्मद समिम, नेपाल पत्रकार महासंघबाट अध्यक्ष श्रवणकुमार देव, पूर्व अध्यक्ष जितेन्द्र खड्गा, पीडित पत्रकार अवधेशकुमार झासहितका सहभागी थियो भने जिल्ला प्रहरी कार्यालयको तर्फबाट प्रहरी प्रमुख एसपी अविनारायण काफ्ले र डीएसपी नरेश सिंहको उपस्थिती थियो।

नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य, सप्तरी शाखाका सदस्य एवं कान्तिपुर दैनिकका उपसम्पादक अवधेशकुमार झामाथि समाजिक सञ्जाल 'फेसबुक'मा स्थानीय नसरुल राजाले ज्यान मार्ने धम्कीसहितको पोष्ट गरेका थिए। सोही विषयलाई लिएर महासंघले पहिलो चरणको आन्दोलनको कार्यक्रम अन्तर्गत पुस १२ गतेसम्म आन्दोलनलाई निरन्तरता दिएको थियो।

**जग्गा बिक्रिमा**

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्क नं. ०३१-५३०४३४**

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### बालबालिकालाई एक्लोपन महसुस हुन नदिऔं

अहिलेको समयमा अभिभावकहरुले आफ्ना बालबालिकालाई समय दिन नसक्दा उनीहरु एकहोरो भइरहेका छन्। उनीहरुले अभिभावकहरुबाट पाउनुपर्ने माया नपाउँदा एकहोरो भइरहेको देखिन्छ। विभिन्न कारणले अभिभावकहरु कार्यव्यस्त रहनाले उनीहरु एकहोरो हुँदैछन्। जसकारण अहिले उनीहरु टिभि, मोबाइल लगायतमा बढी ध्यान केन्द्रित भएको देखिन्छ। उनीहरुको यस्ता गतिविधीले पढाइमा समेत असर परिरहेको छ।

विद्यालयपश्चात् घर फर्केपछि बालबालिकाप्रति अभिभावकहरु जिम्मेवार रुपमा प्रस्तुत हुनु आवश्यक छ। अभिभावकले घरमै पढाउन ध्यान दिननसक्नुले पनि उनीहरुको पढाईबाट रुची घट्नु स्वभाविकै हो। त्यसबोहक बालबालिकाहरु चिडचिडा समेत भइरहेका हुन्छन। जसकारण उनीहरु लागूऔषधतर्फ समेत आकर्षित भइरहेका छन्। खासगरी कलिला उमेरका नाबालक र बालबालिकाहरु यसप्रति आकर्षित हुँदै गएको पाइन्छ। यस्ता कार्यप्रति विशेष सहकर्ता अपनाउनु आवश्यक छ।

तसर्थ अभिभावकहरुले उनीहरुलाई कुनै पनि बहानामा एकहोरो छोड्नु हुदैन्। सक्दो आफ्नो कामबाट केही समय विश्राम लिएर पनि बालबालिकाहरुलाई समय दिनेतर्फ अग्रसर हुनु जरुरी छ। अनि मात्र बालबालिकाहरु अभिभावकबाट पाउने माया र स्नेहबाट एक्लोपनबाट टाढा हुनसक्छन्।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कहिल्यै अवकाश हुँदैनन् यी कर्मचारी

जनकपुरधाम, १३ पुस (रासस)।

कर्मचारी भएपछि निश्चित उमेरपछि अवश्य अवकाश पाइन्छ, भलै सेवा क्षेत्रअनुसार उमेरको हदबन्दी फरक फरक हुनसक्ला। तर केही कर्मचारीले कहिल्यै अवकाश पाउँदैनन् भन्दा तपाईँलाई विश्वास नलाग्न सक्छ। विश्वास नलागेर पनि के गर्नु ! नेपालमा यस्ता कर्मचारी पनि छन् जो कहिल्यै अवकाश हुँदैनन्।

जीवनकालमा कहिल्यै अवकाश नपाउने कर्मचारी हुन् हुलाक सेवा विभागअन्तर्गतको अतिरिक्त हुलाकका कर्मचारीहरू। अतिरिक्त हुलाक नियमावली २०३४ को व्यवस्थानुसार नियुक्ति पाउने यस्ता कर्मचारी एकपटक नियुक्त भइसकेपछि कहिल्यै अवकाश हुँदैनन्। अवकाशका उपाय त छन्, स्वेच्छिक राजीनामा वा मृत्यु। त्योबाहेक सामान्यतया कारबाही गर्ने कुरा कानुनको दृष्टिमा समेत बदरभागी हुने भएकाले यो अपवाद मात्रै हो।

हुलाक सेवाअन्तर्गत अहिले मुख्यतः निजामती र अतिरिक्त हुलाकमा कार्यरत जनशक्ति गरी दुई प्रकारका कर्मचारी छन्। अतिरिक्त हुलाक नियमावली २०३४ अनुसार हुलाक सेवा विभागले अतिरिक्त हुलाकको स्थापना गर्ने व्यवस्था छ। हाल यस्ता हुलाक देशका ७७ जिल्लाअन्तर्गत तीन हजार ७४ वटा छन्। सोही नियमावलीको दफा ७ ले हुलाक सेवा विभागले तोकिदिएको अधिकृत वा निर्देशकले यस्ता कर्मचारी नियुक्त गर्न पाउने व्यवस्था गरेको छ। हो, यिनै अतिरिक्त हुलाकमा नियुक्त हुने हुलाक प्रतिनिधि, वितरक र डाँक वाहकले नियुक्ति त पाउँछन् तर कहिल्यै अवकाश हुनु पर्दैन।

हुलाक सेवा विभागका अनुसार नेपालमा हाल यस्ता कर्मचारीको सङ्ख्या १० हजारभन्दा बढी छ। विभागको प्रशासन शाखाप्रमुख ढालबहादुर जिसीले देशभर तीन हजार ७४ वटा अतिरिक्त हुलाकमा कार्यरत यस्ता कर्मचारीको सङ्ख्या १० हजार दुई सय ९२ रहेको जानकारी दिनुभयो। त्यसमध्ये हुलाक प्रतिनिधि दुई हजार नौ सय ८०, वितरक चार हजार चार सय ६४ र डाँक वाहकको सङ्ख्या दुई हजार आठ सय ४८ रहेको उहाँले बताउनुभयो।

नियमावलीको दफा ९ मा हुलाक प्रतिनिधि नियुक्त गर्दा साबिक गाविस वा नगरपालिकाबाट लिखितरूपमा सिफारिस गरिएको, नेपाल सरकारको राजपत्राङ्कित अधिकृतबाट सिफारिस गरिएको, साबिक गाविस वा नगरपालिकाअन्तर्गत रहेको विद्यालयको शिक्षक र स्थायी कारोबार भएको स्थानीय दुकानदार हुनुपर्ने भनेर उल्लेख गरे पनि वितरक र डाँक वाहकको हकमा समेत त्यस्तै नियम लागू हुने गरेको छ। पछिल्लो एक वर्ष भने यस्ता कर्मचारीको नियुक्ति बन्द गरिएको विभागका निर्देशक लक्ष्मीदेवी होमागाईं (खतिवडा)ले जानकारी दिनुभयो।

अतिरिक्त हुलाकमा नियुक्त हुने कर्मचारीको मुख्य कार्य डाँक ढुवानी तथा वितरण गर्नु हो। नियमावलीको व्यवस्थाअनुसार यस्ता कर्मचारीले दिनमा कम्तीमा दुई घण्टा काम गर्नुपर्ने भएकाले यी पूर्णकालीन होइनन्। त्यसबापत हाल हुलाक प्रतिनिधिले मासिकरूपमा न्यूनतम् आठ हजार तीन सय १० र वितरक तथा डाँकवाहकले रु सात हजार दुई सय ७५ पाउने गरेको जिसीले बताउनुभयो।

यसबाहेक कर्मचारीले नियमानुसार सेवासुविधा पाउँछन्। अतिरिक्त हुलाक नियमावली २०३४ ले वार्षिक छ दिन भैपरी आउने बिदा, वार्षिक १२ दिन बिरामी बिदा, वार्षिक २४ दिन घर बिदा, बढीमा दुई सन्ततिका लागि नियमानुसार प्रसुति बिदा र १५ दिन किरिया बिदा पाउने व्यवस्था गरेको छ।

त्यसैगरी उपचार खर्चबापत काम गरेको प्रत्येक वर्षको लागि पदको सुरु पारिश्रमिक स्केलको आधा महिनाको तलब बराबर उपचार खर्च वा उपचार खर्च बापतको रकम लिन नपाउँदै सेवाबाट अवकाश भएमा नियमबमोजिम पाउने रकम एकमुष्ट लिन पाउने व्यवस्था पनि छ।

कुनै बेला जनताको सुखदुःख आदानप्रदान गर्ने नजिकको साथीका रूपमा थियो हुलाक। हुलाकका कर्मचारी सहरबजारदेखि दुर्गम गाउँका घरघरसम्म पुग्थे। कर्मचारीलाई भ्याइनभ्याइ थियो। त्यसैले अतिरिक्त हुलाकमा स्थानीय कर्मचारी नियुक्त गर्नु बाध्यता जस्तै थियो। अहिले समय फेरिएको छ तर यस्ता कर्मचारी व्यवस्थापनको नीति भने फेरिन सकेको छैन। यी कर्मचारी निजामती होइनन् र स्थायी पनि हुँदैनन्। तर कहिल्यै अवकाश नहुने भएकाले व्यवस्थापन चाहिँ बोझिलो बन्दै गएको छ।

कहिल्यै अवकाश नहुने कारण उनीहरूलाई खटनपटन गर्नसमेत सजिलो नभएकाले समयमा काम हुन नसकिरहेको हुलाकका अन्य कर्मचारीको भनाइ छ। हुलाक कार्यालय धनुषाका प्रमुख सत्यनारायण सिंह भन्नुहुन्छ, “हुलाक सेवामा त्यसै पनि कार्यबोझ कम छ, भएको काम पनि समयमा हुँदैन भन्ने जनगुनासो छ। उमेरका कारण काम अह्राउन गाह्रो छ। अवकाश दिने निश्चित नियम छैन।”

सिंहका अनुसार धनुषामा रहेका ७५ अतिरिक्त हुलाकमा मात्रै करिब तीन सय ५० कर्मचारी छन् भने तीमध्ये ८५/९० वर्ष उमेरका केही कर्मचारीसमेत सेवामै कार्यरत् छन्। विभागको तथ्याङ्कमा ६० वर्षमाथिका कर्मचारीको सङ्ख्या देशभर दुई हजार एकसय १८ रहेको देखिन्छ।

हुलाक सेवा सुधारका लागि विभिन्न समयमा गठन भएका कार्यदलले हुलाक सेवालाई प्राधिकरण बनाउने र अतिरिक्त कर्मचारीको उमेर हद तोक्ने भनिए पनि अहिलेसम्म कार्यान्वयन हुन नसकेकाले यो विषय बारम्बार उठ्ने गरेको विभागका निर्देशक होमागाईं (खतिवडा) बताउनुहुन्छ। अवकाश नीति नहुँदा बाँचुन्जेल सेवामै रहने प्रवृत्तिले एकातिर राज्यले समयसापेक्ष सेवा लिन र दिन सकिरहेको छैन। अर्कोतर्फ न्यून ज्याला, सामाजिक सुरक्षा नभएको गुनासो ती कर्मचारीले गर्दै आएका छन्।

सूचना प्रविधिको विकाससँगै चिठ्ठीपत्रको स्थान इमेललगायत सामाजिक सञ्जालले लिएपछि हुलाकको आधारभूत सेवाका रूपमा रहेको चिठ्ठीपत्र आदानप्रदान कार्य प्रभावित भई अहिले सरकारी कागजपत्र ओसारपसार र हुलाक टिकट बिक्री वितरणमा सीमित हुन पुगेको छ। यसैकारण कुनै बेला 'सेवा हि परमोधर्म' को पवित्र भावनासहित जनजनको सुखदुःखको साथी बन्दै आएको हुलाक सेवा पछिल्लो समय ओझेलमा पर्दै आएको छ।

जनस्तरमा सञ्चार सुविधा उपलब्ध गराउने संसारकै सबैभन्दा पुरानो हुलाक सेवालाई प्रविधि, प्रतिस्पर्धा, विश्वसनीय तथा स्वायत्तताको माध्यमबाट समयसापेक्षा सेवा प्रवाह गर्न सक्षम बनाउनुपर्ने माग उठ्न थालेको पनि धेरै भइसक्यो। तर त्यो सुधार कुरामै सीमित छ। अतिरिक्त हुलाकले स्थानीयस्तरमा रोजगारी त दिइरहेको छ तर कर्मचारी व्यवस्थापनको वैज्ञानिक एवं समयसापेक्ष नीतिको अभावमा यसबाट लाभ लिन सकिएको छैन।

सरकारले विभिन्न समयमा गठित कार्यदलका प्रतिवेदन र हरेक वर्षको बजेट, नीति तथा कार्यक्रममा हुलाक प्रणालीको पुनर्संरचनामा जोड दिने गरिन्छ। अब त्यसको कार्यान्वयन गर्दै यस सेवालाई आधुनिक र प्रविधियुक्त बनाउँदै सम्भाव्यताका आधारमा सेवाको क्षेत्र विस्तार गर्नेतर्फ लागे मात्रै हुलाक सेवालाई प्रविधि, प्रतिस्पर्धा, विश्वसनीय बनाउन सकिन्छ।

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी

# मधेस प्रदेशमा दलको नेता छान्न सकस

**राजु विश्वकर्मा**

जनकपुरधाम, १३ पुस (रासस)।

संसदीय दलको नेता बन्न आकांक्षी बढी भएपछि राजनीतिक दलका नेताहरूलाई मधेस प्रदेशसभामा संसदीय दलको नेता चयन गर्न सकस भएको छ।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भएको करिब डेढ महिना बित्न लाग्दा मधेस प्रदेशसभामा प्रतिनिधित्व गर्ने कुनै पनि राजनीतिक दलले आफ्नो संसदीय दलको नेता चयन गर्न सकेका छैनन्।

मधेस प्रदेशसभामा नयाँ र पुराना गरी विभिन्न १० राजनीतिक दलको प्रतिनिधित्व छ। संसदीय दलको नेता बन्न थुप्रै आकांक्षी भएकाले संसदीय दलको नेता छान्न समस्या भएको नेताहरूले बताउनुभयो। मधेस प्रदेशसभाको सबैभन्दा ठूलो दल नेकपा (एमाले)मा आकांक्षी बढेकाले दलको नेता छनोट गर्न समस्या भएको नेताहरूले जानकारी दिनुभयो।

एमालेका नेता तथा प्रदेशसभा सदस्य राजकुमार लेखीले पार्टीभित्र तीन/चारजना आकांक्षी भएकाले दलको नेता कसलाई बनाउनेमा सहमति हुन नसकेको बताउनुभयो। उहाँले अबको एक/दुई दिनभित्रै संसदीय दलको नेता छान्ने गरी पार्टीमा गृहकार्य भइरहेको बताउनुभयो।

कूल एक सय सात सदस्यीय मधेस प्रदेशसभामा २३ सिट जितेर पहिलो पार्टी बनेको एमालेमा संसदीय दलको नेता बन्न नेता लेखीसहित रामचन्द्र मण्डल, सरोज कुमार यादवलगायत आकांक्षी हुनुहुन्छ। सहमतिमा संसदीय दलको नेता छान्न सकस भएपछि नेपाली कांग्रेसले निर्वाचन प्रक्रिया थालेको छ।

निर्वाचन प्रक्रियाबाट दलको नेता छान्न नेपाली कांग्रेसले मधेस प्रदेशका पार्टी उपसभापति चन्द्रशेखर यादवको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ। कांग्रेस प्रदेश समितिको जनकपुरधाममा बसेको बैठकले उपसभापति यादवको संयोजकत्वमा प्रदेश समितिका महामन्त्री बृहस्पतिकृष्ण श्रेष्ठ र सहमहामन्त्री बिन्दुकुमारी यादव सदस्य रहने गरी तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ।

कांग्रेसको प्रदेश संसदीय दलको विधानको धारा ५ को ३ अनुसार गठन भएको निर्वाचन समितिले संसदीय दलको नेता छान्ने प्रक्रिया सुरु गरेको कांग्रेस मधेस प्रदेशका सभापति कृष्णकुमार यादवले जानकारी दिनुभयो।

निर्वाचन समितिले सर्वसम्मतिबाट दलको नेता चयन पहल थालेको र सहमति नभए अन्तिममा निर्वाचन प्रक्रियाबाटै चयन गर्ने अध्यक्ष यादवको भनाइ छ। संसदीय दलको नेताका लागि कांग्रेस मधेस प्रदेश समिति सभापति कृष्णकुमार, यादव, सिंह र जनार्दन क्षेत्री आकांक्षी हुनुहुन्छ।

मधेस प्रदेशसभाका १६ सिटसहित तेस्रो ठूलो दल बनेको जनता समाजवादी पार्टी (जसपा) लाई पनि संसदीय दलको नेता चयन गर्न सकस छ। केन्द्रीय समिकरणअनुसार मधेस प्रदेशको मुख्यमन्त्री पाउने सम्भावना रहेको जसपाभित्र संसदीय दलको नेता बन्न दौडधूप बढेको छ।

"अहिलेसम्म दलको नेता चयन गर्ने प्रक्रिया सुरु भइसकेको छैन", जसपाका नेता तथा प्रदेशसभा सदस्य रामअशिष यादवले भन्नुभयो, "अहिलेसम्म दलको नेता छान्ने कुनै प्रक्रिया सुरु भइसकेको छैन, कुराकानी जारी रहेकाले हेरौँ एक/दुई दिनमा हुन्छ।" बिहीबार विजयीहरूका लागि सम्मानको कार्यक्रम रहेको र त्यसमा पनि संसदीय दलको नेता छान्ने कुरा उठ्न सक्ने उहाँको भनाइ छ।

जसपामा संसदीय दलको नेता बन्न मधेस प्रदेशका वर्तमान मुख्यमन्त्री लालबाबु राउत, सरोजकुमार यादव, रामअशिष यादव, मनिषकुमार सुमन लगायतका नेता आकांक्षी देखिनुभएको छ।

नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) ले शपथपछि मधेस प्रदेशसभामा संसदीय दलको नेता चयन गर्ने भएको छ। मधेस प्रदेशसभा सचिवालयले यही पुस १५ गते अपराह्न २ बजे शपथ कार्यक्रम तय गरेको छ।

नेपालको संविधानको धारा १८२ को उपधारा (५), प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम प्रदेशसभाको अध्यक्षता गर्ने ज्येष्ठ सदस्य गोविन्दबहादुर न्यौपानेले प्रदेशसभा सदस्यलाई शपथ गराउने तय भएको प्रदेशसभा सचिवालयका सचिव रञ्जितकुमार यादवले जानकारी दिनुभयो।

माओवादी केन्द्रका नेता एवं मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले शपथपश्चात शनिबार वा आइतबार संसदीय दलको नेता चयन गरिने जानकारी दिनुभयो। "संसदीय दलको नेता चयनका लागि अहिलेसम्म मिति र समय तय भइसकेको छैन", माओवादी केन्द्रका निवर्तमान संसदीय दलका नेतासमेत रहनुभएका साहले भन्नुभयो, "शपथग्रहण सकिएपछि हामी संसदीय दलको नेता चयन गर्छौं।"

पार्टीभित्र संसदीय दलको नेतामा बन्न खासै कुनै विवाद वा धेरै आंकाक्षी नरहेकाले सहमतिमै दलको नेता चयन हुने उहाँको भनाइ छ। प्रदेशसभामा माओवादी केन्द्र आठ सिट जितेर छैटौं दल बनेको छ। यस्तै प्रदेशसभामा सात सिट जितेर सातौं दल बनेको एकीकृत समाजवादीले पनि प्रदेशसभाको शपथपछि मात्र संसदीय दलको नेता चयन गर्ने जनाएको छ।

सो पार्टीका नेता तथा प्रदेशसभाका ज्येष्ठ सदस्य न्यौपानेले शुक्रबारको शपथपश्चात पार्टी संसदीय दलको नेता तय हुने जानकारी दिनुभयो।

प्रत्यक्षतर्फ ६४ र समानुपातिकतर्फ ४३ गरी कूल एक सय सात सिट रहेको मधेस प्रदेशसभामा एमाले २३, कांग्रेस २२, जनता जसपा १६, जनमत पार्टी १३, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नौ, माओवादी केन्द्र आठ र एकीकृत समाजवादी सात तथा राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सङ्घीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीको एक/एक सिट छ। प्रत्यक्षमा छ जना स्वतन्त्र उम्मेदवार पनि जितेका छन्।

**जनमत पार्टीमा दलको नेता छान्न अध्यक्ष डा राउतलाई जिम्मा**

मधेस प्रदेशसभामा पहिलो पटक प्रवेश गर्न लागेको जनमत पार्टीले संसदीय दलको नेता चयन गर्ने जिम्मा पार्टी अध्यक्ष डा सिके राउतलाई दिएको छ।

सो पार्टीको जनकपुरधाममा बसेको संसदीय दलको बैठकमा सहमति नजुटेपछि दलको नेता छान्ने जिम्मा अध्यक्ष राउतलाई दिने निर्णय गरिएको थियो। मधेस प्रदेशसभामा १३ सिटसहित बनेको जनमत पार्टीमा संसदीय दलको नेता बन्न सञ्जय यादव, चन्दन सिंह, बसन्त कुशवाहा, सतिश सिंह, महेश कुमार यादव लगायतका नेता आकांक्षी हुनुहुन्छ।

# नेपालकै पहिलो अन्तर्राष्ट्रिय गायन तथा नृत्य रियालिटी शो




**दैनिक समाचारदाता**
**काठमाडौं, १३ पुस।**

इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाको आयोजनामा नेपालकै पहिलो अन्तर्राष्ट्रिय रियालिटी शो 'मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स'को आयोजना हुने भएको छ।

काठमाडौंको नक्सालस्थित मेरियोट होटलमा आयोजित भव्य घोषणा समारोहमा फाउन्डेसनले प्रतियोगिताका लागि विश्वभरका मानिसले इन्ट्रा नेशनल एप मार्फत आवेदन दिन सक्ने जानकारी दिएको छ। १८ बर्ष माथिका व्यक्तिले यस प्रतियोगिताको लागि आवेदन दिन सक्छन्। यी शोहरुमा सहभागी हुन चाहने विश्वभरका नेपाली भाषीहरुले इन्ट्रा फाउन्डेशनको एप डाउनलोड गरेर रजिष्टर गर्न जनाइएको छ।

फाउन्डेसनका अध्यक्ष डिल्ली अधिकारीले भने, "हामी हाम्रो संस्कृति जोगाउन एकजुट भएर लाग्नुपर्छ। हाम्रो पहिचान नै हाम्रो भाषा, संस्कृति र दुःखमा परेकाहरूलाई मद्दत गर्नुमा छ। फाउन्डेसनको मुख्य उद्देश्य पनि नेपाली मनोरञ्जन क्षेत्रमा सांगीतिक क्रान्ति ल्याउनु हो।"

यो शोमा सहभागी हुन चाहने विश्वभरका नेपाली भाषीहरुले अनलाइन आवेदन दिन सक्ने छन्। प्राथमिक छनौट प्रक्रिया पछिफाउन्डेसनले विश्वका विभिन्न स्थानमा अडिसन सञ्चालन गर्नेछ। यी दुबै शोहरुको आवेदन दिने मिति जनवरी को अन्तिम तारिक तोकिएको छ।

कम्पनीका अनुसार 'मेरो भ्वाइस युनिभर्स'को निर्णायक मण्डलमा सुरेश अधिकारी, शिव परियार, अन्जु पन्त, सुजाता वर्मा, पुष्पन प्रधान जस्ता वरिष्ठ गायकहरू समावेश छन्। साथै मेरो डान्स युनिभर्स'को निर्णायक मण्डलमा भने मिथिला शर्मा,दिलीप रायमाझी, शंकर बि.सी, केकी अधिकारी, प्रियंका कार्की, र नरमन राई हुने जनाइएको छ। यी शोहरु एलिनश्रेष्ठले निर्देशन गर्ने भएका छन्। उनले यस अघि पनि धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रियालिटी शोहरुको निर्देशन गरिसकेका छन् जस्तै नेपाल आइडल, बूगी–वूगी, नेपाल लोक स्टार, सारेगमपा लिल् च्याम्पस्।

यी दुई शोहरु नेपालकै सर्वाधिक धेरै धनराशी भएको रियालीटी शोहरुहुन्। फाउन्डेसनका अनुसार 'मेरो भ्वाइस युनिभर्स'का विजेताले रु एक करोडपाउनेछन्। साथै फस्ट रनरअपले रु ३० लाख र सेकेन्ड रनरअपले रु २० लाख पुरस्कार पाउनेछन्।यस्तै, 'मेरो डान्स युनिभर्स'को विजेताले पनि रु एक करोड पुरस्कार पाउनेछन्। भने फस्ट रनरअपले रु ३० लाखर सेकेन्ड रनरअपले रु २० लाख पुरस्कार पाउनेछन्।

फाउन्डेसनले नेपाल बाहेक, म्यानमार, थाइल्याण्ड, भुटान, भारत, अष्ट्रेलिया, अमेरिका, क्यानडा लगायत युरेपेली देशहरुबाट पनि नेपाली भाषीहरुको बृहत् सहभागिताको अपेक्षा राखेको छ।

## विश्व समाचार

### महिलालाई शिक्षाबाट वञ्चित नगर्न राष्ट्रसङ्घको आग्रह

संयुक्त राष्ट्रसङ्घ, १३ पुस (रासस/सिन्ह्वा)।

तालिबान सरकारले यहाँका महिला तथा किशोरीहरुलाई विश्वविद्यालय जान प्रतिबन्ध गरेको विषयमा विश्वव्यापी रुपमा नै विरोध भइरहेका बेला संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदले पनि आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदले अफगानिस्तानको तालिबान सरकारको गरेको यो निर्णय तुरुन्त सच्च्याउनुपर्ने र उसका कारणले महिलाले अधिकार नपाउन अवस्थाको तत्कालै अन्त्य हुनुपर्ने बताएको छ।

शिक्षामा महिलाको पनि समान अधिकार रहेकाले त्यसको सबैले सम्मान गर्नुपर्ने भन्दै सो परिषदले विज्ञप्ति प्रकाशन गरेर तालिबान सरकारले गरेका ती सबै निर्णयहरु फिर्ता गर्न भनेको छ। दुई हप्ता मात्र अघि तालिबान सरकारका शिक्षा मन्त्रीले तालिबान सरकारले सो निर्णय गरेको बताउनुभएको थियो। उहाँले अफगानिस्तानका किशोरी तथा महिलालाई विश्वविद्यालय जान नपाउने निर्णय सरकारले गरेको जानकारी दिनुभएको थियो। अफगानिस्तानको तालिबान सरकारले प्रतिबन्धित गरेको घटनाको सबैतिर विरोध भएको छ। गत हप्तामात्र पनि अफगानिस्तानका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधि रोजा ओटुन्बोयाले विज्ञप्ति प्रकाशन गरेर यसको विरोध गर्नुभएको छ।

सुरक्षा परिषद्को मङ्गलबारको विज्ञप्तिमा यस्तो निर्णय अफगानिस्तान देशको हितमा पनि नभएको र अहिलेको युगमा पनि महिलाले विश्वविद्यालय गएर अध्ययन गर्न नपाउनु भनेको निकै नै दुःखद भएकोले ती निर्णय सच्याएर यहाँ नारी अधिकारको सम्मानको अवस्था बनाउन आग्रह गरिएको छ। मंगलबार संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदले प्रकाशन गरेको विज्ञप्तिमा महिलाका लागि बन्द गरिएका भनिएका सबै विद्यालय विश्वविद्यालय खोल्न र नारी अधिकारका पक्षमा काम गर्न आग्रह गरिएको छ।

दुई वर्षअघि अफगानिस्तानमा तालिबानको शासन सुरु भएपछि यहाँका महिलाको अधिकार खोसिएको छ। उनीहरुलाई धेरै सार्वजनिक स्थल र कार्यमा प्रतिबन्ध लगाएको छ र अहिले पछिल्लो समयमा आएर उनीहरु विश्वविद्यालय पनि जान नपाउने गरी प्रतिबन्ध लगाइएको बताइएको छ। अफगानिस्तानको विकासका लागि त्यहाँका महिलाको पनि ठूलो योगदान रहेकाले यस्तो निर्णय तत्कालै सच्याएर यहाँका सबै नागरिकले उचित र न्यायपूर्ण रुपमा शिक्षा लिन पाउने अधिकारको रक्षा गर्न संयुक्त राष्ट्रसङ्घका विभिन्न पदाधिकारी तथा निकायले आग्रह गरिरहेका छन्।

### बाक्लो हुस्सु र शीतलहरको चपेटामा दिल्ली

नयाँदिल्ली, १३ पुस (रासस/सिन्ह्वा)।

भारतको राजधानी नयाँदिल्लीमा बुधबार बिहान न्यूनतम तापक्रम ७.८ डिग्री सेल्सियस मापन गरिएको छ भने बाक्लो हुस्सु र शीतलहरको अवस्था जारी रहेको छ। भारतीय मौसम विज्ञान विभाग (आईएमडी) का अनुसार बुधवारदेखि उत्तरपश्चिम भारतमा चिसो बढ्ने र डिसेम्बर ३१ देखि चीसो पुनः बढ्ने सम्भावना छ। मौसमविद् आरके जेनामनीका अनुसार डिसेम्बर ३१ देखि जनवरी १, २०२३ सम्म फेरि शीतलहरको स्थिति कायम रहनेछ। उहाँले भन्नुभयो, "यस क्षेत्रमा अति बाक्लो हुस्सु लाग्ने छ। पश्चिमी विक्षोभका कारण डिसेम्बर २९ मा जम्मु काश्मिर, लेह र हिमाञ्चल प्रदेशमा नयाँ हिमपात हुनेछ। डिसेम्बर २९ मा उत्तरी पञ्जाबमा हल्का वर्षा हुनेछ।"

उहाँले भन्नुभयो "डिसेम्बर २८ देखि पश्चिमी हावाका कारण शीतलहरको अवस्था अन्त्य हुने देखिएको छ। दिल्लीको आया नगरमा अहिलेसम्मकै सबैभन्दा कम तापक्रम ४.० डिग्री सेल्सियस मापन गरिएको छ भने केही स्थानमा शीतलहर चलिरहेको छ। उत्तरी भारतका केही भागमा शीतलहर चलिरहँदा दिल्लीको पालममा बुधबार न्यूनतम तापक्रम ७.८ डिग्री सेल्सियस र सफदरजंगमा न्यूनतम तापक्रम ८.४ डिग्री सेल्सियस मापन गरिएको छ। भारतीय मौसम विज्ञान विभाग (आईएमडी) ले दिल्लीको न्यूनतम तापक्रम दिनभर सात डिग्री सेल्सियसको हाराहारीमा रहने अनुमान गरेको छ।

### चीनमा दुईसय सवारी साधन एकैपटक दुर्घटनामा

बेइजिङ, १३ पुस (रासस/एएफपी)।

चीनको मध्य क्षेत्रस्थित एक राजमार्गमा सयौं सवारी साधन दुर्घटनाग्रस्त भएको चीनको सरकारी प्रसारक सिसिटिभीले बुधबार जनाएको छ। दुर्घटनामा एक जनाको मृत्यु भएको बताइएको छ। सडकदेखि माथि आकाशबाट लिइएको तस्वीरमा बाक्लो हुस्सुका कारण सडक नदेखिँदा दुर्घटनाग्रस्त सयौं यात्रुवाहक कार, भ्यान र लरीहरू राजमार्गको एक भागमा थुप्रिएको देखिएको छ। अनलाइनमा पोस्ट गरिएका अन्य भिडियोमा केही सवारी साधन दुर्घटनाका कारण टुक्रा टुक्रा भएको पनि देखिएको छ।

हेनान प्रान्तको झेङझोउ शहर नजिकै बाक्लो कुहिरोले कमजोर दृश्य भएका कारण दुर्घटना भएको र कम्तीमा २०० वटा सवारी साधन दुर्घटनाग्रस्त भएको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएका छन्। "बुधवार बिहान झेङझोउको पहँलो नदीको पुलमा अचानक कुहिरो लागेको थियो, जसका कारण धेरै सवारी साधन आपसमा ठोक्किएर दुर्घटना भएको थियो," झेङझोउका अधिकारीलाई उद्धृत गर्दै सीसीटीभीले भनेको छ।

"दुर्घटना लगत्तै आपतकालिन उद्धार कार्यहरु गरिएका छ भने दुर्घटना स्थललाई सामान्य यातायात सुचारु गर्नका लागि खाली गराइँदै छ," रिपोर्टमा भनिएको छ। चीनमा कडा यातायात सुरक्षा नियम, कमजोर सडक संरचना साथै चालकको लापर्बाहीका कारण सडक दुर्घटनाबाट बर्षेनी हजारौं नागरिकको अकालमा ज्यान जाने वा अगभङ्ग हुने गर्छ। गत सेप्टेम्बरमा दक्षिणपश्चिमी गुइझोउ प्रान्तको क्वारेन्टिनमा जाँदै गरेको बस राजमार्गमा पल्टिँदा २७ जना यात्रुको मृत्यु भएको थियो।

# लिटिल एन्जेल बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

क्रिकेट बिकास प्रतिष्ठानद्वारा राजविराजमा संचालित डब्बल राउन्ड रोबिन क्रिकेट प्रतियोगिता अन्तरगत बुधबारको खेलमा लिटिल एन्जेल स्कुल बिजयी भएको छ ।

प्रतियोगिता अन्तर्गत चौथो खेलमा लिटिल एन्जेलले प्रतिष्ठान क्रिकेट टिमलाई ८ बिकेटले पराजित गरेको हो ।

टस जितेर क्रिकेट बिकास प्रतिष्ठानले निर्धारित २० ओभरमा ५ बिकेट गुमाएर १ सय ५० रनको योगफल खडा गरेको थियो । जसमा विशाल यादबले सर्वाधिक ५८, रोहित यादब २८, सुमन चौधरी १७, अमन मण्डल १४ र किसन साहले १२ रन जोडेका थिए ।

बलिङतर्फ लिटिल एन्जेल स्कुलका नरेश कामैत २ बिकेट र गोपाल मण्डल/शिव दास/ निशान्त यादब १/१ बिकेट हात पारेका थिए । प्रतिउतरमा लिटिल एन्जेल स्कुलले १४ ओभर ३ बलमा दुई बिकेट गुमाई बिजय हासिल गरेको थियो ।

जसमा कर्णबहादुर बिकले आक्रमक ब्याटिंग गर्दै २ छक्का र ७ चौकाको मदतले ६६ रन अविजित खेलेपछि जित सहज भएको हो । त्यस्तै टिमका लागि प्रियान्सु कर्ण २६ र निशान्त यादबले १२ रन अविजित खेलेका थिए ।

बलिङतर्फ प्रतिष्ठानका सुशान्त देव र सुमन चौधरी १/१ बिकेट लिएका थिए । खेलको म्यान अफ दि म्याच बिजय टिमका कर्ण बहादुर बिक घोषित भएका थिए भने घोषित म्यान अफ दि म्याच बिकलाई अम्पायर संघका अध्यक्ष निरज सिंहले कप प्रदान गरेका थिए ।

# बोक्सीको आरोप लगाउने एकै परिवारका पाँच जनालाई कैद

सप्तरी, १३ पुस (रासस) ।

बोक्सी भन्दै गालीगलौज र कुटपिट गरेको अभियोगमा सप्तरीका एकै परिवारका पाँच जनालाई बुधबार कैद र जरिवानाको सजाय भएको छ । बोक्सी भन्दै एक २७ वर्षीया महिलालाई अमानवीय व्यवहार गर्ने सप्तरीको अग्निसाइर कृष्णसवरन गाउँपालिका-२ का ५० वर्षीय रामदेव चौधरी, उनकी श्रीमती ४० वर्षीया सुनितादेवी, छोरा २३ वर्षीय प्रकाश, बुहारी २२ वर्षीया बबिता र रामदेवका भाइबुहारी ४० वर्षीया श्रीकुमारीलाई जिल्ला अदालतले जनही छ महिना कैद र रु पाँच हजार जरिवाना गरेको हो ।

जिल्ला न्यायाधीश डा राजेन्द्रकुमार आचार्यको इजलाशले आरोपितहरूलाई उक्त सजाय दिने आदेश दिएको अदालतका सूचना अधिकारी भरत पोखरेलले जानकारी दिनुभयो । यस्तै पीडितले आरोपितबाट जनही रु तीन हजार क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने पनि आदेशमा उल्लेख भएको छ । रामदेवका भाइ ४० वर्षीय श्यामदेवले भने अभियोगबाट सफाइ पाएका छन् ।

आरोपितका छोराछोरी बिरामी पारेको दोष लगाई २०७८ माघ १० गते बोक्सीको आरोप लगाउँदै कुटपिट गर्ने अरोापितहरूविरुद्ध पीडितले कञ्चनरूप इलाका प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन । घरको कोठामा प्रवेश गरी आरोपितहरूले बोक्सी भन्दै गालीगलौज र कुटपिट गरेको पीडितको भनाइ थियो ।

इलाका प्रहरी कार्यालयले गत माघ २० गते उजुरी दर्ता गरेपछि २५ गते उनीहरूलाई पक्राउ गरिएकामा सुनिताले रु ३० हजार र रामदेवले रु २० हजार धरौटी राखेर रिहा भइ तारिक खेप्दै आएका थिए ।

यसैगरी गत जेठ ११ गते हाजिर भएका प्रकाश र बबिताले पनि जनही रु १० हजार धरौटी राखेर बाहिरिएका थिए ।

# काकीको हत्या आरोपमा भतिज पक्राउ

जनकपुरधाम, १३ पुस (रासस) ।

आफ्नै काकीको हत्या आरोपमा धनुषा प्रहरीले एक युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा धनुषाको विदेह नगरपालिका-७ वेलापट्टि निवासी २० वर्षीय दिलीपकुमार साह रहेका छन् ।

सोमबार साँझ आफ्नै घरमा ३० वर्षीया कवितादेवी साहको शव भेटिएको थियो भने उनका १४ महिने छोरा घाइते अवस्थामा फेला परेका थिए । उक्त घटनाको अनुसन्धान गर्दै जाँदा दिलीपको संलग्नता रहेको खुलेपछि मङ्गलबार साँझ उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिनुभयो ।

मृतकको अनुहारमा गम्भीर चोट लागेको पाइएको प्रहरीले जनाएको छ । रक्ताम्य र अर्धनग्न अवस्थामा कवितादेवीको शव फेला परेको थियो । दिलीप शङ्कास्पद अवस्थामा भेटिएका थिए । उनको हातको बूढीऔँला तथा घाँटीमा घाउ रहेको प्रहरीको भनाइ छ । दिलीपसित कवितादेवीको मोबाइलसमेत फेला परेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# जसपाको संसदीय दलको नेतामा रामसहायप्रसाद

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ पुस ।**

जनता समाजवादी पार्टी ( जसपा) नेपालको संसदीय दलको नेतामा रामसहायप्रसाद यादव निर्विरोध निर्वाचित भएका छन् ।

संसदीय दलको नेता चयनका लागि यादवको मात्र मनोनयन दर्ता भएकाले निर्वाचन समितिले यादवलाई नै दलको नेतामा निर्विरोध निर्वाचित घोषणा गरेको जसपाका प्रवक्ता मनिस सुमनले जानकारी दिएका छन् ।

यादव बारा निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित सांसद हुन । जसपाको संसदीय दलको नेतामा सङ्घीय परिषद् अध्यक्ष अशोक राईसहित सांसदद्वय राजकिशोर यादव र नवलकिशोर साहले पनि दाबी गर्दै आएका थिए । तथापी दलको नेता चयनका लागि दुबै नेताले उम्मेदवारी नदिएको जसपाले जनाएको छ ।

# वक्तृत्वकला प्रतियोगितामा शिब्श प्रथम





**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

विद्यालय स्तरिय वक्तृत्वकला प्रतियोगितामा शिब्श इन्टरनेशनल बोर्डिङ स्कुल राजविराज प्रथम भएको छ ।

नेशनल प्याब्शन सप्तरीको आयोजनामा बुधबार राजविराजमा आयोजित उक्त प्रतियोगितामा शिब्श बोर्डिङमा कक्षा ८ मा अध्ययनरत गौरी साह प्रथम, इस्टर्न ज्योति सेकेन्ड्री स्कुल भारदहमा कक्षा १० मा अध्ययनरत सुनिल मण्डल द्वितिय तथा मनोकामना सेकेन्ड्री स्कुल राजविराजमा कक्षा ८ मा अध्ययनरत अम्बिका कुमारी साह तृतीय भएकी छन् ।

नेशनल प्याब्शनका पूर्वअध्यक्ष बौकु साहको अध्यक्षतमा आयोजित कार्यक्रममा प्रमुख अतिथि नेशनल प्याब्शनका पूर्वकेन्द्रिय सचिव थानेश्वर प्रसाद साह तथा विशिष्ट अतिथिमा मधेश प्रदेश उपाध्यक्ष पप्पु गुप्ता रहेका थिए भने प्रतियोगितामा १६ विद्यालयको सहभागिता रहेको थियो ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न
➢ चिसोमा बाहिर ननिस्कौं,
➢ धुम्रपान मद्यपान नगरौं,
➢ रुघाखोकी लाग्नबाट बचौं,
➢ चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
➢ शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
➢ हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,
जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*